# भारतीय राजदूतावास
# काठमाडौं

## प्रेस विज्ञप्ति

**भारत सरकारको अनुदान सहयोगमा कार्यान्वयन गरिएको ललितपुरस्थित जेष्ठ वर्ण महाविहारलाई सन् २०२५ को युनेस्को एसिया-प्रशान्त साँस्कृतिक सम्पदा संरक्षण पुरस्कार अन्तर्गत अवार्ड अफ मेरिट हस्तान्तरण**

ललितपुरस्थित जेष्ठ वर्ण महाविहारमा मिति २०८३ असार १८ गते प्रतिष्ठित २०२५ युनेस्को एसिया-प्रशान्त साँस्कृतिक सम्पदा संरक्षण पुरस्कार अन्तर्गत महाविहारलाई प्रदान गरिएको अवार्ड अफ मेरिटको सन्दर्भमा एक हस्तान्तरण समारोहको आयोजना गरियो । नेपालका लागि युनेस्कोका प्रतिनिधि श्री याको दु तोईले ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन र काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. राकेश पाण्डेको उपस्थितिमा धातुपट्टिका र आधिकारिक प्रमाणपत्र जेष्ठ वर्ण महाविहार उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुभयो । उक्त समारोहमा स्थानीय समुदायका सदस्यहरु, इन्डियन नेशनल ट्रष्ट फर आर्ट एन्ड कल्चरल हेरिटेज (इन्ट्याक) का प्रतिनिधि, सम्पदा संरक्षणविद्हरु तथा नेपाल सरकारका अधिकारीहरुको उपस्थिति रहेको थियो ।

२. जेष्ठ वर्ण महाविहारको संरक्षण कार्य नेपालको साँस्कृतिक सम्पदा क्षेत्रमा भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदानको एक हिस्साको रुपमा नेरु. १३.७८ करोड लागतमा अघि बढाइएको थियो । पुनर्निर्माण प्रयासको हिस्सा स्वरुप भारत सरकारले प्राविधिक विशेषज्ञता उपलब्ध गराउनका लागि परियोजना व्यवस्थापन परामर्शदाताको रुपमा भारतको इन्ट्याकलाई नियुक्त गरेको थियो । उनीहरुले नेपाल सरकारको केन्द्रीय आयोजना कार्यान्वयन इकाई र स्थानीय समुदायसँग निकटतम समन्वयमा काम गरेका थिए । यस परियोजनाको उद्घाटन मिति २०८० चैत्र ९ गते महामहिम राजदूत श्री नवीन श्रीवास्तव र नेपाल सरकारका तत्कालीन शहरी विकास मन्त्री श्री धनबहादुर बुढाद्वारा गरिएको थियो ।

३. यस संरक्षण परियोजनालाई युनेस्कोले यसको अनुकरणीय समुदाय-केन्द्रित दृष्टिकोण र जटिल ऐतिहासिक नेवारी काष्ठकला तथा पारम्परिक वास्तुकलाको संरक्षणको आवश्यकतासँग आधुनिक भूकम्पीय सुरक्षा प्रबलीकरणलाई सफलतापूर्वक सन्तुलन राखेकोमा मान्यता प्रदान गरेको छ । यस परियोजनाले संरक्षण प्रक्रिया अवधिभर नेवार बौद्ध समुदायको जीवन्त सम्पदा, दैनिक अनुष्ठान र साँस्कृतिक अभ्यासहरु बिना कुनै अवरोध निरन्तर रुपमा सञ्चालन हुने कुरा समेत सुनिश्चित गरेको थियो ।

४. भारत सरकारले २०७२ सालको गोरखा भूकम्पपछिको पुनर्निर्माणमा नेपाल सरकारको प्रयासलाई सहयोग पुऱ्याउन १ अर्ब अमेरिकी डलर बराबरको सहायता प्रतिबद्धता गरेको थियो । पुनर्निर्माण प्रयासको हिस्सा स्वरुप भारत सरकारले हालसम्म ५०,००० निजी आवास, ७० वटा विद्यालय र एक पुस्तकालय, १२२ वटा स्वास्थ्य संस्था तथा १७ वटा साँस्कृतिक सम्पदा स्थलहरुको पुनर्निर्माण कार्य सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गरिसकेको छ । यसबाहेक भूकम्प प्रभावित जिल्लाहरुमा अवस्थित थप १४ वटा विद्यालय, ११ वटा स्वास्थ्य संस्था र साँस्कृतिक सम्पदा क्षेत्रका १३ वटा परियोजनाहरु पुनर्निर्माणको विभिन्न चरणमा रहेका छन् जुन भारतीय सहायतामार्फत कार्यान्वयन भइरहेका छन् ।

५. साँस्कृतिक सम्पदा क्षेत्र अन्तर्गत भारत सरकार नेपालका ८ वटा जिल्लाहरुमा रहेका ३० वटा साँस्कृतिक सम्पदा परियोजनाहरुको संरक्षण तथा पुनर्स्थापनामा संलग्न रहँदै आएको छ:

१. काठमाडौं

२. ललितपुर

३. भक्तपुर

४. सिन्धुपाल्चोक

५. नुवाकोट

६. रसुवा

७. धादिङ

८. गोरखा

यी परियोजनाहरुमा ऐतिहासिक स्थलहरु, प्राचीन भवनहरु, मन्दिरहरुको पुनर्स्थापना र गुम्बाहरु तथा धर्मशाला भवनहरुको पुनर्निर्माण समावेश छन् । केही उल्लेखनीय परियोजनाहरुमा निम्नानुसार छन्:

- काठमाडौँको सेतो मच्छिन्द्रनाथ मन्दिर,
- ललितपुरको कुमारी घर र जेष्ठ वर्ण महाविहार,
- भक्तपुरको जंगम मठ, र
- सिन्धुपाल्चोकको तार्के घ्याङ गुम्बा ।

साँस्कृतिक सम्पदा क्षेत्रमा भारत सरकारको सहयोग भौतिक संरचनाको मर्मतमा मात्र सीमित नभई यसले महत्वपूर्ण सामाजिक-आर्थिक र साँस्कृतिक लाभहरुलाई समेत समेट्छ जसले नेपालको समग्र पुनरुत्थान र दीर्घकालीन हितमा योगदान पुर्‍याउँछ ।

६. कार्यक्रममा बोल्दै डा. राकेश पाण्डेले उपभोक्ता समुदाय, सिएलपिआईयु, इन्ट्याक र अन्य सरोकारवालाहरुलाई बधाई दिनुभयो । वहाँले जेष्ठ वर्ण महाविहार परियोजनाको सफलताले भारत र नेपालबीच रहेको गहिरो साँस्कृतिक तथा ऐतिहासिक सम्बन्धलाई प्रष्ट पारेको कुरामा जोड दिनुभयो । वहाँले साझा र समृद्ध साँस्कृतिक पहिचानको संरक्षण तथा पुनर्स्थापनामा नेपाल सरकार र नेपाली जनतासँग साझेदारी गर्न भारत सरकार निरन्तर प्रतिबद्ध रहेको कुरालाई दोहोर्‍याउनुभयो ।

७. कार्यक्रममा बोल्दै श्री चिरीबाबु महर्जनले सहकार्यको भावनाको बारे र जेष्ठ वर्ण महाविहारको संरक्षणमा भारत सरकारको भूमिकाबारे चर्चा गर्नुभयो जसले बलियो भारत-नेपाल विकास साझेदारीलाई प्रतिबिम्बित गर्दछ । वहाँले ललितपुरका अन्य विभिन्न साँस्कृतिक सम्पदा स्थलहरुको पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराएकोमा भारत सरकारप्रति आभार प्रकट गर्नुभयो । वहाँले यस मान्यताका लागि युनेस्कोलाई धन्यवाद दिनुका साथै अवार्ड प्राप्त गर्नेहरुलाई बधाई पनि दिनुभयो ।

८. जेष्ठ वर्ण महाविहार उपभोक्ता समितिका प्रतिनिधिहरुले आर्थिक तथा प्राविधिक सहयोग समयमा नै उपलब्ध गराएकोमा भारत सरकारप्रति हार्दिक आभार प्रकट गर्नुभयो । वहाँहरुले पुनर्स्थापना गरिएको

यस महाविहार समुदायको उत्थानशीलता र द्विपक्षीय मित्रताको एउटा गौरवशाली प्रतीकका रुपमा खडा रहेको कुरालाई समेत जोड दिनुभयो ।

काठमाडौँ, नेपाल

२०८३ असार १८